# गेरुवा गाउँपालिका

## Geruwa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

पशुपतिनगर, बर्दिया

Pashupatinagar, Bardiya

लुम्बिनी, प्रदेश, नेपाल

Lumbini Province, Nepal

गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
२०७३

### घाट उत्राही ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आह्वानको सुचना

(तेश्रो पटक सुचना प्रकाशित मिति : २०८०/०४/०८)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) घ बमोजिम यस गेरुवा गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायको घाट उत्राही आगामी आ.व. २०८०/०८१ को लागी ठेक्का बन्दोबस्त द्वारा संचालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही तोकिएको मिति भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र फारम पेश गर्नु हुन सम्बन्धीत सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल अंक रु. (मू.अ. कर तथा अग्रीम आयकर सहित) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|
| Rev/GRM/01/2080-081 | सनकट्टी घाट उत्राही गेरुवा ३ | ५००,०००।- (पाँचलाख मात्र) | १०००।- |

| बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र पत्र दर्ता गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|
| २०८०/०४/१४ गते कार्यालय समय भित्र | २०८०/०४/१५ गते दिउँसो १२ : ०० बजे भित्र | २०८०/०४/१५ गते २ : ०० बजे |

- बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ ।
- खरिद गरेको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर ठेक्काको विवरण, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाउनु पर्ने छ ।
- कबोल अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड गेरुवा शाखामा रहेको गेरुवा गाउँपालिका धरौटी खाता नं. ग -३ . १ - १७२०१४००००००६२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाँणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
- म्याद नाघि, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्रहरु स्वीकार हुने छैन । बोलपत्र पत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा रद्द गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहेन छ ।
- बोल पत्र स्वीकृत भएको मितिले ७ दिन भित्र ठेक्का कबोल अंकको प्रथम किस्ता रकम दाखिला गरी पट्टा उठाई सक्नुपर्ने छ ।
- ठेकेदारले ठेक्का कबोल रकम ३ किस्तामा सामान रुपमा बुझाउनु पर्ने छ ।

राम बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

- ठेकेदारले पहिलो किस्ताको रकम सम्झौता समयमा बुझाउनु पर्नेछ र दुई किस्ता रकम बराबर बैंक जमानी पेश गर्नुपर्ने छ।
- ठेकेदारले राम्रो कण्डिसनमा रहेको स्टीमरको व्यवस्था गर्नुपर्ने छ।
- ठेकेदारले घाट उत्राही स्थलमा आपतकालिन उद्दार सामग्रीहरु जस्तै : लाइफ ज्याकेट, फस्ट एड किटको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्ने छ।
- ठेकेदारले आफ्नो स्टीमर भएको पुष्टी हुने स्वामित्व तथा सम्झौता/मन्जुरीनामा पेश गर्नुपर्ने छ। साथै वैकल्पीक स्टीमर तथा नाउको व्यवस्था समेत गर्नुपर्ने छ।
- यस सम्बन्धमा कुनै विवाद उत्पन्न हुन गएमा गेरुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
- यस सूचनामा भएका कुराहरु यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।
- यस सम्बन्धी थप जानकारीको लागी गेरुवा गाउँ कार्यपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ।

.............................................

बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत